**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सहिद तथा द्वन्द्व पीडित परिवारका छोराछोरीबाट छात्रवृत्तिका लागि निवेदन आह्वान गरिएको अत्यन्त जरुरी सूचना**

नेपाल सरकारको आ.व.२०७५/०७६ को वार्षिक कार्यक्रम अन्तर्गत पूर्व प्राथमिकदेखि उच्च शिक्षा तहसम्म हाल नेपालभित्र मान्यताप्राप्त शिक्षण संस्थाहरुमा नियमितरुपमा अध्ययनरत नेपाल सरकार गृह मन्त्रालयबाट सहिद घोषणा भएका **सहिदका छोराछोरी** तथा २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात २०६३ मङ्सिर ५ गतेसम्मको अवधिका **द्वन्द्व पीडित परिवारका छोराछोरी**हरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम भएकोले इच्छुक सहिद तथा द्वन्द्व पीडित परिवारका छोराछोरी वा उनीहरुका अभिभावकले आफ्ना बालबालिका अध्ययनरत रहेको शिक्षा विकास तथा समन्वय इकाइमा २०७५ मंसिर १५ गतेभित्र निम्नलिखित कागजातसहित निवेदन दिनुहुन र शिक्षा विकास तथा समन्वय इकाइले सोही प्रमाणहरु तथा विगतमा वितरित विवरणको आधारमा व्यक्ति यकिन गरी सिफारिससहित मंसिर मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइदिनुहुन अनुरोध गरिएको छ ।

१. नेपाल सरकार गृह मन्त्रालयबाट सहिद घोषणा भएको प्रमाणको प्रमाणित प्रतिलिपि,

२. सहिद तथा द्वन्द्वपीडित परिवारसंगको नाता प्रमाणित प्रतिलिपि,

३. अध्ययनरत शिक्षण संस्थाको नाम, कक्षा, वा तह र रोल नम्वरसमेत स्पष्ट खुल्नेगरी अध्ययन गरिरहेको संस्था प्रमुखबाट प्रमाणित गरेको पत्र,

**पुनश्चः द्वन्द्व पीडित परिवारका छोराछोरीका लागि विद्यार्थी छनोट प्रक्रिया नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६९ अनुसार गर्नुपर्नेछ ।**